निर्णयः-

१. आजको बैठकले प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन कार्यदलको माग बमोजिम मा. सभापतिज्यूबाट समितिबाट पछि अनुमोदन गराउने गरी ३ दिनको म्याद थप गरिएकोमा उक्त म्याद थप अनुमोदन गरियो ।
२. प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन कार्यदलका संयोजक मा. बलराम प्रसाद बाँस्कोटाले प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन प्रतिवेदन, २०७५ पेश गर्नुभयो।
३. प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन कार्यदललाई समितिका तर्फबाट सभापतिज्यूले धन्यवाद ज्ञापन गर्नुभयो ।
४. समितिमा प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन प्रतिवेदन, २०७५ माथि छलफल गरियो ।
५. समितिमा प्राङ्गारिक तथा जैविक मल दर्ता नियमन कार्यविधि अध्ययन प्रतिवेदन, २०७५ सम्बन्धमा समितिको आगामी बैठकमा थप छलफल गरी निष्कर्ष निकाल्ने निर्णय गरियो।
६. कार्यदल एवम् उपसमितिका संयोजकहरुबाट आफ्नो कार्यदल एवम् उपसमितिको कार्यप्रगतीको संक्षिप्त विवरण समितिमा मौखिक रुपमा अवगत गराउनु भयो ।
७. समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गरियो ।